# भौगोलिक निर्वाचन क्षेत्रमा मतदाताले परिवर्तन गरेको विवरणहरुको रिर्पोट

महत्त्वपूर्ण: कृपया "भौगोलिक निर्वाचन क्षेत्रमा मतदाताले परिवर्तन गरेको विवरणहरुको रिर्पोट"को आवेदन फारम BLOCK LETTERS भर्नु अघि यससँगै राखिएको निर्देशन नोट पढ्नुहोस् (REO-2)। तपाईले मतदाता दर्ताको लागि स्पष्ट र सही जानकारी प्रदान गर्नुपर्दछ । अस्पष्ट वा गलत जानकारी प्रदान गरेमा परिर्वतन गरेको विवरणहरु गलत हुनजान्छन् । <u>यदि कुनै एक व्यक्तिले जानीजानी वा लापरवाही गरी गलत वा झुठो जानकारी वा विवरणहरु दिन्छ र त्यसले झुठो वा भ्रममा पार्दछ भने त्यो कानुन बमोजिम अपराध ठहरिनेछ ।</u> दर्ता भएका मतदाताहरुले **<u>दर्ता गरिएको ठेगाना परिर्वतन</u>** गर्नुपर्दा अनिर्वाय रुपमा पछिल्लो तीन महिनाको मुल घरको ठेगानाको प्रमाण आवेदान फारमसँगै राख्नुपर्दछ वा नत्र निर्वाचन दर्ता अधिकृतले आवेदन स्वीकार गर्ने छैन । कृपया स्वीकृत प्राप्त गरेका ठेगाना प्रमाण बारे र सार्वजनिक भाडाको आवासका निवासीको लागि आवशयक ठेगाना सबूत जुटाउनको लागि दिएको छूटको विवरणहरु थाहा पाउन [नोट 7]मा हेर्नुहोस् ।

आवेदन फारम REO-2मा निम्न जानकारीहरु पर्दछन्:

a) हङकङ आई डी कार्ड नम्बर (उपसर्ग, नम्बर र चेक डिजिट सहित);
b) लिङ्ग (पुरुष/महिला);
c) थर;
d) पूरा अन्य नामहरु;
e) हङकङको आवासीय ठेगाना [नोट 7] { फ्लैट/कोठा, लिफ्टमा संकेत देखाईएको तल्ला अनुसार, ब्लक, भवनको नाम, एस्टेटको नाम/नम्बर र गाँउको नाम समावेश हुनुपर्छ, सडकको नाम र नम्बर/लट नम्बर, क्षेत्र र जिल्लाको नाम, र हङकङ आईलेण्ड/काउलुन,न्युँ टेरिटोरिज (उपयुक्त भएमा मेट्नुहोस् )}
f) सम्पर्क नम्बर (घरको नम्बर, मोबाइल नम्बर, कार्यालयको टेलिफोन नम्बर र फ्याक्स नम्बर);
g) ईमेल ठेगाना[1];
h) निर्वाचन सम्बन्धित संचारको लागि भाषाको प्राथमिकता [2] [नोट 9];
i) मिति (दिन, महिना र साल सहित); र
j) आवेदकको हस्ताक्षर [नोट 12]
k) घोषणा

---

[1]यदि तपाई निर्वाचन क्षेत्रका उम्मेदवारहरुलाई निर्वाचन संलग्न गतिविधिहरुसँग सम्बन्धित निर्वाचन पत्रहरु प्राप्त गर्न ई- मेल ठेगाना उपलब्ध गर्न सहमत हुनुहुन्छ भने, कृपया यस आवेदन फारमको ई-मेल ठेगानाको तलको बक्समा "✓" चिन्ह लगाउनुहोस्। दर्ता तथा निर्वाचन कार्यलयले सम्बन्धित उम्मेदवारहरुलाई सूचित गर्नेछ कि तपाईले निर्वाचन सम्बन्धित पत्रहरु ई-मेल मार्फत प्राप्त गर्न रोज्नु भएको छ र उनीहरुलाई त्यस्ता जानकारीहरु हुलाकबाट पठाउनको सट्टामा ई-मेलको प्रयोग गर्न प्रोत्साहित गर्दछ। कृपया नोट गर्नुहोस कि मतदाताहरुलाई निर्वाचन सम्बन्धित जानकारीका कागजातहरु हुलाक मर्फत पठाउने निर्णय उम्मेदवारहरुको हुनेछ (ती मतदाताहरु पनि समावेश छन् जसले निर्वाचन सम्बन्धित जानकारीहरु ई-मेल मार्फत प्राप्त गर्न रोजेका छन् ।) यति तपाईले बक्समा टीक चिन्ह लगाउन भएन भने, सो ई-मेल ठेगाना दर्ता तथा निर्वाचन कार्यालयले संचारको लागि मात्र प्रयोग गर्नेछ ।

[2]"निर्वाचन सम्बन्धित संचारको लागि भाषा छनौट" को आवेदन फारमा तपाईले चिनिँया वा अंग्रेजीको प्राथमिकता जनाउन कृपया तपाईले छनौट गर्नु भएको उपयुक्त बक्समा "✓"लगाउनुहोस् ।

यस फारममा भरिएको विवरणहरु र उपलब्ध गरेको ठेगानाको प्रमाणहरु (लागु भएमा)साचो र ठीक छन् भन्ने घोषणा गर्छु, र

(a) माथि प्रदान गरिएको आवासीय ठेगाना हङ्कङमा मेरो एक मात्र वा मुख्य ठेगाना हो; र

(b) भौगोलिक निर्वाचन क्षेत्रमा म एक मतदाताको रुपमा दर्ता हुन योग्य छु [नोट 5]; र

(c) म दर्ता हुनुबाट अयोग्य ठहरिनुको लागि कुनै पनि विषय छैन [नोट 6]

मैले निवार्चनका दर्ता अधिकृतलाई मतदातको रुपमा दर्ता हुने मेरो योग्यतालाई मूल्यांकन गर्न, अन्य संस्थाद्वारा अन्य उद्देश्यको निम्ति संङकलन गरिएको मेरो व्यक्तिगत विवरणहरु साँचो र ठीक छन् भनि प्रमाणित गर्न यस फारममा उपलब्ध गरेको मेरो व्यक्तिगत विवरणसँग तुलना र जाँच गर्न मेरो सहमति र अनुमति दिएको छु। झूटो वा भ्रम सिर्जना भएमा, निवार्चनका दर्ता अधिकृतले तथ्य अनुसार मेरो विरुध्द मलाई उचित सजाय दिन सक्दछ। म यँहा स्पष्ट रुपमा सहमति जनाउदछु कि प्रासंगिक सरकारी विभागहरु (अध्यागमन विभाग, आवास विभाग र गृह मामिला विभाग साथै अन्य विभागहरु पनि समावेश छन्) वा कुनै अन्य सार्वजनिक/निजी संगठन(हरु)ले(हङकङ आवास समिति साथै अन्य विभागहरु पनि समावेश छन्) मेरो व्यक्तिगत विवरणहरु निवार्चनका दर्ता अधिकृतलाई प्रदान गर्न सक्नेछ जसले गर्दा यस विभागले आवेदनको प्रक्रिया गर्दा ती विवरणहरुको तूलना तथा जाँच गर्न सक्नेछन् र मतदाता दर्ताको लागि र निवार्चन सम्बन्धित जानकारीहरुको लागि वार्षिक रुपमा संशोधन गर्न सक्नेछन्।[नोट 13]

**मार्गदर्शन नोटहरु**

(1) यो आवेदन फारम दर्ता मतदाताहरुले विवरणहरु परिर्वतन गर्नको निम्ति हो। **यदि तपाई दर्ता मतदाता हुनुहुन्न र भौगोलिक निर्वाचनको लागि दर्ता गर्न चाहानुहुन्छ भने,यो फारमको सट्टामा तपाईले नँया मतदाता दर्ताको लागि फारम (भौगोलिक निर्वाचन)" (REO-1)भर्नु पर्दछ।**

(2) जिल्ला परिषदको साधारण निर्वाचन हुने समयको यो वर्ष सेप्टेम्बरमा मतदाताको अन्तिम सूची प्रकाशित हुनेछ (त्यो भनेको जिल्ला परिषदको निर्वाचन वर्ष हो ), जुन साल जिल्ला परिषदको निर्वाचन वर्ष हैन, त्यो वर्ष मतदाताको अन्तिम सूची जुलाईमा प्रकाशित हुनेछ। यस सन्दर्भमा,दर्ता भएका मतदाताहरुको लागि आवासीय ठेगाना वा कुनै व्यक्तिगत विवरणहरु परिर्वतन गर्नको निम्ति रिर्पोट गर्ने वैधानिक अन्तिम म्याद निम्न छन्:

जिल्ला परिषद निर्वाचन वर्ष: 2 जुन*

गैर जिल्ला परिषद निर्वाचन वर्ष: 2 अप्रिल*

तपाईले नयाँ दर्ता विवरणहरु अनलाईन मार्फत मतदाता जानकारी सोधपुछ प्रणालीमा (www.voterinfo.gov.hk) हेर्न सक्नुहुन्छ वा दर्ता तथा निर्वाचन कार्यालयको सोधपुछ गर्ने हटलाईनमा (2891 1001) कल गर्न सक्नुहुन्छ। यदि आवासीय ठेगाना जस्ता विवरणहरु परिवर्तन गर्नुपरेमा मतदाताहरुले दर्ता तथा निर्वाचन कार्यालयमा आफ्नो दर्ता गरेको विवरणहरु संशोधन गर्नु आफ्नो

जिम्मेवारी हुनेछ ।

*नँया दर्ता आवेदनको अन्तिम म्याद भन्दा वैधानिक अन्तिम म्याद फरक हुन्छ ।

(3) माथि उल्लेख गरेको म्यादहरु भनेको दर्ता तथा निर्वाचन कार्यालयमा आवेदन पुग्ने मितिहरु भनेर बुझिन्छ । माथि उल्लेख गरेको मिति पछि यस कार्यालयमा प्राप्त भएको आवेदनहरु आउने वर्षको मतदाताको सूचीमा संकलन गर्ने उद्देश्यले राखिनेछ ।

(4) **यदि तपाईले यो आवेदन फारम पेश गरेको 14 दिन पछि पनि दर्ता तथा निर्वाचन कार्यालयबाट कुनै पनि जवाफ नआएमा ,तपाईले सोधपूछ हटलाईन 2891 1001 मा कल गरी तपाईको आवेदनको प्रगति बारे बुझ्नु सक्नुहुन्छ ।**

(5) सामान्यता, तपाई भौगोलिक निर्वाचन क्षेत्रको एक मतदाताको रुपमा दर्ता गर्न योग्य हुनु हुनेछ यदि:

(a) तपाई हङकङ विशेष प्रशासनिक क्षेत्र राहदानी अध्यादेशद्वारा (क्याप 539) परिभाषित हङकङ विशेष प्रशानिक क्षेत्रको स्थायी निवासी हुनुहुन्छ; र
(b) सामान्य रुपमा तपाई हङकङमा बसोबास गर्नुहुन्छ ;र
(c) तपाई 18 वर्षको उमेर पुगिसक्नु भएको छ वा 25 सेप्टेम्बरमा वा सो भन्दा अगाडि (जिल्ला परिषद निर्वाचन वर्षको लागि) <u>**वा**</u> अर्को वर्ष 25 जुलाईमा (गैर जिल्ला परिषद निर्वाचन वर्षको लागि ) तपाई आवेदनको लागि 18 वर्ष पुग्नु हुन्छ भने; र
(d) तपाईसँग परिचय पत्र छ भने, जस्तै हङकङ स्थायी पहिचान कार्ड ;र
(e) तपाई दर्ताबाट अयोग्यता हुने कुनै पनि कारण छैन भने(नोट 6) ।

स्थायी निवासी अवस्थाबारे सोधपुछ गर्न, कृपया अध्यागमन विभागको हटलाईन 2824 6111 मा कल गर्नुहोस् ।

(6) सामान्यता, <u>समावेश</u> भएका ती व्यक्तिहरु दर्ताबाट अयोग्य मानिन्छ जो:

(a) मानसिक स्वास्थ्य अध्यादेश (क्याप.136) अन्तर्गत मानसिक असक्षमताको कारण आफ्नो सम्पत्ति र कार्यहरुको व्यवस्थापन र प्रबन्ध गर्न असक्षम भएको पाएमा;
(b) कुनै सशस्त्र सेनाका सदस्य भएमा ।

(7) **ठेगानाको प्रमाण**

(a) तपाईलाई विधान परिषद भौगोलिक निर्वाचन क्षेत्रको लागि र्निधारित गरिनेछ र जिल्ला परिषद क्षेत्र अनुसार जँहा तपाईको आवासीय ठेगाना हो जुन हङकङमा तपाईको एक मात्र वा मुख्य आवासीय ठेगाना हुनुपर्ने जस्तै हङकङमा तपाईको मुख्य स्थान जँहा तपाई बस्नुहुन्छ वा तपाईको एक मात्र वा मुख्य घर भनेर बुझिन्छ । निर्वाचनको विज्ञापन पठाउने उदश्यले निर्वाचन क्षेत्रका उम्मेदवारहरुलाई आवासीय ठेगाना प्रदान गरिनेछ ।

(b) कृपया निर्वाचन दर्ता अधिकृतलाई आवेदन फारम भरेर परिवर्तन गरेको तीन महिना भित्रको

स्थानिय ठेगानाको प्रमाणसँग सूचित गर्नुहोस् किनकी तपाईको ठेगाना अनुसार तपाईको निर्वाचन क्षेत्र परिर्वतन हुनसक्छ ।

(c) दर्ता तथा निर्वाचन कार्यलयले अघिल्लो तीन महिना भित्र जारी गरेको निम्न कागजातहरु(दर्ता र निर्वाचन कार्यालयको रसीदको मिति फारम जमा गर्ने मितिको रुपमा अपनाईनेछ ।)स्वीकार गर्नेछ जसमा जारी गरेको मिति र संस्थाको ठेगाना प्रमाणको रुपमा लिइनेछ:

(i) निम्न कागजातहरु मध्ये कुनै एकमा मतदाताको नाम र मुख्य स्थायी ठेगाना हुनु पर्छ (कागजपत्र र आवेदन फारममा भएको नाम र ठेगाना एउटै हुनु पर्नेछ) -

1. सार्वजानिक निकायहरुले जारी गरेको रसिद वा चलानीहरु (जस्तै पानी,बिजुली वा टाउन ग्यासको रसिद;

2. सरकारी निकाय वा अदालतले पत्रचार गरेको ठेगाना;

3. बैंक,बिमा कम्पनी वा अनिवार्य सञ्चय कोष स्वीकृत टस्ट्रीले पत्रचार गरेको ठेगाना वा विवरण ;

4. मोबाईल फोन, घरको फोन ,टिभी वा ईन्टर्नेट सेवाको रसिद;

5. स्थानिय पोस्ट-माध्यमिक संस्थाहरूले जारी गरेको कागजात वा रसिद जुन मतदाताको आवासीय ठेगाना पुष्टि गर्न सकिन्छ;

6. मान्य र "स्टाम्प"(स्ट्याम्प ड्यूटीको लागि) किरायेदारी सम्झौता(आवेदन पेश गर्नु पर्ने मिति 3 महिना भित्र जारी गरिएको मापदण्ड अनिवार्य छैन तर यस्तो किरायेदारीले आवेदन मितिलाई आवरण गर्नुपर्दछ);वा

7.सार्वजानिक संस्थाहरु जस्तै अस्पताल प्राधिकरण, आवास विभाग,हङकङ हाउसिंग सोसायटी, हङकङ परीक्षा तथा मूल्यांकन प्राधिकरण आदिले जारी गरेको बिल,पत्रचार ठेगाना वा अन्य कागजातहरु ;वा

(ii) मतदातासँगै बसोबास गर्ने व्यक्तिको नाम वा स्थानिय ठेगाना ,वा मतदाताले अन्य व्यक्तिहरु पनि उनिसँगै सोहि ठेगानामा बसोबास गरेको छ भनि घोषणा पत्रमा सहि गरि पुष्टि गर्नु पर्दछ र सँगै राखिएको ठेगानाको सक्कल प्रतिलिपि प्रमाण हुनेछ ।घोषणापत्रको नमूना दर्ता तथा निर्वाचन कार्यलयको वेबसाईटबाट (http://www.reo.gov.hk/en/voter/dra.htm) ; डाउनलोड गर्न सिकन्छ । वा

(iii) यदि मतदाताले (i) वा (ii) माथि उल्लेख गरेको कुनै पनि कागजात उपलब्ध गर्न नसकेमा, कमिशन फर ओथ सिकारु सोलिसिटर/जस्टिस अफ पिस समकक्ष शपथ तथा घोषणा

अध्यादेशको (क्याप.11) नैतिकता अनुसार त्यस ठेगानामा बसोबास गर्दै आएको दावी प्रमाण गर्न मतदाताले दिएको वैधानिक घोषणा पनि दर्ता तथा निर्वाचन अधिकृतले स्वीकार गर्नेछ। जुन सदस्यहरूलाई शपथ घोषणा गर्न आवश्यक पर्दछ उनीहरुलाई जिल्ला कार्यलयहरुमा नि:शुल्क सेवा दिईन्छ । वैधानिक घोषणाको नमूना दर्ता तथा निर्वाचन कार्यलयको वेबसाईटबाट (http://www.reo.gov.hk/en/voter/dra.htm) डाउन्लोड गर्न सकिन्छ। दर्ता तथा निर्वाचन कार्यलयले दिएको वैधानिक घोषणा

(d) दर्ता तथा निर्वाचन कार्यलयले माथि उल्लेखित कागजातहरु सक्कल कपि,प्रतिलिपि वा फ्याक्स कपि पनि मान्य ठेगानाको प्रमाणको रुपमा स्वीकार गर्दछ।

(e) ती मतदाताहरु जो आवस विभाग अन्तर्गत सार्वजनिक भाडाको आवासमा बस्ने मुख्य किरायादार हुन वा हङकङ हाउसिंग सोसायटीको छूट प्राप्त गरेको आवासको दर्ता किरायदारले दर्ता भएको ठेगाना परिर्वतन गर्नु चाहेमा र उपलब्ध गरेको किरायदार र आवसको ठेगाना एउटै भएमा,ती मतदाताहरुलाई ठेगानाको प्रमाण दिनुबाट छुट दिईनेछ। **सावधान: होम ओर्नसिप योजना अन्तर्गत पर्ने आवस इकाई वा सार्वजनिक आवसको बिक्री भएको घरको (जस्तै किरायेदार खरिद योजना अन्तर्गत पर्ने फ्लैटहरु )निवासीहरु यो छूटको दायारा बाहिर पर्दछन् र सम्बन्धित मतदाताहरुले सोहि अनुसार मान्य ठेगानाको प्रमाण उपलब्ध गर्नुपर्दछ** ।कुनै मामिलाहरुमा निर्वाचन दर्ता अधिकृतले सम्बन्धित विभाग/संगठनसँग मतदाताको विवरणहरु दिहोरो जाँच गर्न नसकेमा, दर्ता ठेगाना परिर्वतन गर्न चाहाने निवेदनको लागि निर्वाचन आयोगको सेक्सन 10A(मतदाताको दर्ता) (विधान परिषद भौगोलिक निर्वाचन क्षेत्रहरु)(जिल्ला परिषद निर्वाचन क्षेत्रहरू)नियम (क्याप.541A)अर्न्तगत निर्वाचन दर्ता अधिकृतले मतदातालाई ठेगानाको प्रमाण उपलब्ध गर्न अनुरोध गर्न सक्छन्।

(8) (a) निर्वाचन मामिला आयोग(दर्ता)(विधान परिषद कार्यात्मक निर्वाचन क्षेत्रको मतदाताहरु) (जिल्ला समिति निर्वाचनको लागि मतदाताहरु) (निर्वाचन समितिका सदस्यहरु) विनियमनको (क्याप. 541B) खण्ड 19 अनुसार, जो व्यक्तिले भौगोलिक क्षेत्रको लागि दर्ता गर्दछ उसले जिल्ला परिषद (दोस्रो) कार्यात्मक निर्वाचन क्षेत्रको पनि मतदाताको रुपमा दर्ताको आवेदन गरेको मानिन्छ। यदि तपाई जिल्ला परिषद (दोस्रो) कार्यात्मक निर्वाचन क्षेत्रमा मतदाताको रुपमा दर्ता गर्न चाहानु हुँदैन भने, तपाईले “कार्यात्मक निर्वाचन क्षेत्र र वा जिल्ला समिति उपक्षेत्र, जिल्ला परिषद (दोस्रो) कार्यात्मक निर्वाचन क्षेत्रको खारेज पत्र वा गैर-दर्तामा व्यक्तिले परिर्वतन गरेको विवरणको रिर्पोट” (REO-43) को आवेदन फारम अनिर्वाय भर्नु पर्दछ।

(b) यदि तपाई भौगोलिक निर्वाचन क्षेत्रको (जसले कुनै पनि कार्यत्मक निर्वाचन क्षेत्रहरुमा दर्ता गरेको छैन) दर्ता मतदाता हुनुहुन्छ भने र जिल्ला परिषद (दोस्रो)कार्यत्मक(फङसनल)निर्वाचन क्षेत्र वा अर्को पारंपरिक कार्यात्मक निर्वाचन क्षेत्रको (अर्थात कार्यत्मक निर्वाचन क्षेत्र जुन जिल्ला परिषद

(दोस्रो)कार्यत्मक निर्वाचन क्षेत्र भन्दा अर्कै) दर्ता मतदाता बन्न चाहानुहुन्छ भने ,तपाईले "व्यक्तिद्वारा कार्यात्मक निर्वाचन क्षेत्र र /वा निर्वाचन समिति उपक्षेत्रको (REO-41) आवेदन फारम" भर्न अनिवार्य हुन्छ ।

(c) (i) यदि तपाई पारंपरिक कार्यत्मक निर्वाचन क्षेत्र/उपक्षेत्रको दर्ता मतदाता हुनुहुन्छ र जिल्ला परिषद (दोस्रो) कार्यत्मक निर्वाचन क्षेत्रमा, वा अर्को पारंपरिक कार्यत्मक निर्वाचन क्षेत्र/उपक्षेत्रमा परिर्वतन गरि दर्ता गर्न चाहानुहुन्छ भने; वा

(ii) यदि तपाई जिल्ला परिषद (दोस्रो) कार्यत्मक निर्वाचन क्षेत्रको दर्ता मतदाता हुनुहुन्छ भने र अर्को पारंपरिक कार्यत्मक निर्वाचन क्षेत्र/उपक्षेत्रमा परिर्वतन गरि दर्ता गर्न चाहानहुन्छ भने, वा जिल्ला परिषद (दोस्रो) कार्यत्मक निर्वाचन क्षेत्रको सूचीबाट नाम हटाउन चाहानुहुन्छ भने,

तपाईले "व्यक्तिद्वारा कार्यात्मक निर्वाचन क्षेत्र र/ वा जिल्ला समिति उपक्षेत्र, जिल्ला परिषद (दोस्रो) कार्यात्मक निर्वाचन क्षेत्रको खारेज पत्र वा गैर-दर्तामा परिर्वतन गरेको विवरणको रिर्पोट" को (REO-43) आवेदन फारम अनिर्वाय भर्नु पर्दछ ।

(9) सामान्यता,दर्ता तथा निर्वाचन कार्यालयले निर्वाचन सम्बन्धित संचारहरु दुवै चिनियाँ र अंग्रेजीमा उपलब्ध गरेको छ । तपाईलाई चुनावको समयमा उम्मेदवारसँगको संवाद सहज बनाउनको निम्ति भाषालाई प्राथमिकता दिएको हो । यदि तपाईले यो भाग पूरा गर्नु भएन भने, तपाईले चिनियाँ भाषा छनौट गरेको बुझिन्छ ।

(10) यदि तपाईको आवासीय ठेगानामा हुलाकको सेवा छैन भने मात्र कृपया पत्राचार ठेगाना उपलब्ध गर्नुहोस्। यदि तपाईले उल्लेख गरेको मापदण्ड पूरा गर्नु हुँदैन कृपया "पत्राचार ठेगाना"को भाग खाली राख्नुहोस् ।

(11) यी नोटहरु सामान्य निर्दैशनको लागि मात्र हो । आवेदकहरुले विधान परिषद अध्यादेश (क्याप 542), निर्वाचन कार्य आयोग अध्यादेश (क्याप 541) र सहायक कानुनमा उल्लेख भएको निर्दैशनहरु पनि हेर्नुहोस् ।

(12) यो आवेदन फारममा आवेदकले हस्ताक्षर गरेको हुनु पर्दछ; अन्यथा, निर्वाचन दर्ता अधिकृतले तपाईको आवेदनको प्रक्रिया अगाडी बढाउने छैन ।

(13) तपाई मतदाताको रुपमा दर्ता हुन योग्य हुनुहुन्छ वा हुनुहुन्न भनेर मूल्याङ्कन गर्नको लागि, निर्वाचन दर्ता अधिकृतले तपाईले आवेदन फारममा प्रदान गर्नु भएको विवरणहरु अन्य संस्थाहरुबाट कुनै अन्य कारणको लागि सङ्कलन गरिएको व्यक्तिगत विवरणहरुसँग सहि र ठीक हो वा हैन भनेर तुल्ना साथै जाँच गरिनेछ, यदि ती जानकारीहरु झूटो वा भ्रामक भएमा तपाई विरुध्द उपयुक्त सजाय दिनेछ । सो आवेदन फारममा हस्ताक्षर गरेबापत, तपाईले निवार्चन दर्ता अधिकृतलाई अन्य सरकारी विभाग(हरु) वा अन्य सार्वजनिक/निजी संगठन(हरु)बाट विवरणहरु संङ्कलन र जाँच गर्ने अनुमति दिनुहुनेछ र यँहा स्पष्ट रुपमा सहमति जनाउनुहुन्छ कि प्रासंगिक सरकारी विभागहरु (अध्यागमन विभाग, आवास विभाग र गृह मामिला

विभाग साथै अन्य विभागहरु पनि समावेश छन्) कुनैले पनि (हङकङ आवास समिती साथै अन्य विभागहरु पनि समावेश) तपाईले व्यक्तिगत जानकारीहरु निर्वाचन दर्ता अधिकृतलाई दिन सक्छन्, जस कारण निर्वाचन दर्ता अधिकृतले आवेदन फारमको प्रक्रिया अघि बढाउदा र निर्वाचन सम्बन्धि रेर्कड र मतदाता दर्ता प्रक्रिया वार्षिक संशोधन गर्दा ती विवरणहरुको जाँच र तुलना गर्न सक्छन् ।

(14) दर्ता विवरणहरु परिर्वतन गरेको प्रक्रियाको समाप्ति पछि थप लिखित दर्ता सूचनाहरु पठाउने क्रममा,दर्ता तथा निर्वाचन कार्यलयले मतदाताहरुलाई छोटो सन्देश वा ईमेलद्वारा(यदि त्यस्ता जानकारीहरु मतदाताले दिएको खण्डमा) उनीहरुको दर्ता गरेको विवरणहरु संशोधन गरिएको जानकारी दिनेछ ।

(15) मतदाता दर्ताको सोधपूछको लागि, कृपया 2891 1001 मा कल गर्नुहोस् ।

## व्यक्तिगत जानकारी संकलन बारे घोषणा

### संकलनको उद्देश्य

यस फारम(REO-2)को माध्यमद्वारा प्रदान गरिएको व्यक्तिगत जानकारी र अन्य सम्बन्धित जानकारीहरु दर्ता तथा निर्वाचन कार्यालयले मतदाता दर्ता र निर्वाचन-सम्बन्धित उद्देश्यहरुको लागि प्रयोग गरिनेछ । यस फारमको माध्यमले प्रदान गर्ने व्यक्तिगत जानकारी र अन्य सम्बन्धित जानकारीको प्रावधान स्वैच्छिक हो । तथापि, यदि तपाईले पर्याप्त र सही जानकारी प्रदान गर्नुभएन भने, हामीले तपाईलाई मतदाताको रुपमा दर्ता गर्न तपाईको आवेदन प्रक्रियामा राख्न सक्दैनौ । यदि निर्वाचन दर्ता अधिकृतले तपाईलाई दर्ता गर्न योग्य हुनुहुन्छ भनि निर्धारण गरेको छ भने, तपाईको नाम र आवासीय ठेगाना सूचीमा राखिनेछ र सार्वजनिक निरीक्षणको लागि उपलब्ध हुनेछ ।

यदि आवश्यक भएमा, निर्वाचन दर्ता अधिकृतले सार्वजनिक प्रधिकारणलाई (अध्यागमन विभाग, गृह मामिला विभाग, आवास विभाग र हङकङ आवास समिति र साथसाथै अन्य विभागहरु पनि समावेश) तपाईको व्यक्तिगत डेटाको सूची तयारी गर्दा डेटा मिलानको लागि प्रस्तुत गर्नुहोस् ।

कुनै व्यक्तिले यस फारममा भएको व्यक्तिगत जानकारीहरु माथि उल्लेखित उद्देश्यहरु बाहेक अन्य उद्देश्यहरुको लागि स्पष्ट रुपमा सहमति बिना प्रयोग गरेमा व्यक्तिगत जानकारी (गोपनीयता) अध्यादेश (क्याप. 486) उल्लंघन गरेको भनि बुझिनेछ ।

### जानकारीको हस्तान्तरण

आवश्यक भएमा,तपाईले उपलब्ध गर्नु भएको जानकारीहरू अन्य अधिकार प्राप्त विभागहरु /संगठनहरु/ व्यक्तिहरुलाई मतदाता दर्ता र निर्वाचनको लागि प्रासंगिक अध्यादेश र / वा सहायक कानून र ती विषयसँग सम्बन्धित सबै उद्देश्यका आधारमा प्रदान गरिनेछ ।

**व्यक्तिगत जानकारीको पहुँच र सोधपूछ**

व्यक्तिगत जानकारी (गोपनीयता) अध्यादेश (क्याप. 486) को प्रावधान अनुसार तपाईले उपलब्ध गरेको व्यक्तिगत विवरणहरु र अन्य सम्बन्धित जानकारीहरु सच्चाउन सक्ने अनुरोध गर्न पाउनु तपाईको अधिकार हो । यस्ता अनुरोध र सोधपूछको लागि 10 औ तल्ला, हार्बर सेन्टर, 25 हार्बर रोड, वान चाई स्थित हङकङको निर्वाचन दर्ता अधिकृतलाई लिखित रुपमा पत्रचार गर्नुपर्दछ ।